**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : २ प्रमाणिकरण मिति:२०८१।०३।३१ प्रकाशन मिति:२०८१।०४।०१

## भाग – १

### भजनी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

**प्रस्तावना :** भजनी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भजनी नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " भजनी नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साउन ०१ गतेबाट प्रारम्भ हुनेछ ।

२.**सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७०,८४,१०,००० (सत्तरी करोड चौरासी लाख दश हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२को निमित्त भजनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको **२५ प्रतिशत**मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको **२५ प्रतिशत** भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४) यस नगरपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन विधेयकको अनुमानित आर्थिक, सामाजिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास सेवाप्रवाह, वित्तिय व्यवस्थापन र सुशासन लगायत कार्यालय सञ्चालन तथ ।प्रशासनिक खर्च शीर्षक अर्न्तगतको बजेट सिमाभित्र रहि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अख्तियारी प्राप्त अधिकारीले निर्णय गरी कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न सक्नेछ ।

५) आ.व.२०८१/०८२ मा केन्द्र सरकार, प्रदेश सरकार र अन्य दातृ निकायबाट कुनै कार्यक्रम/आयोजनाका लागि थप बजेट प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी सो बराबरको रकम संञ्चित कोष खाताबाट खर्च गर्न सक्नेछ ।

६) आ.व.२०८१/०८२ का लागी विनियोजित वजेटको सीमा भित्र रही नगर कार्यपालिकाले निर्णय गरी खर्च शिर्षक मिलान हुने गरी औचित्यताका आधारमा कार्यक्रम तथा आयोजनाहरुमा बजेट बाँडफाँड र संसोधन गर्न सक्नेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संचितकोषबाट विनियोजन हुने रकम ( रु.हजारमा )**

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ |
| १ | | चालुखर्च (केन्द्र र वडा तर्फ) | १९०००० | ० | १९०००० |
| २ | | नगरस्तरीय योजना | ० | ५८००० | ५८००० |
| ३ | | वडास्तरीय योजना | ० | ५०००० | ५०००० |
| ४ | | समपुरककोष अन्य | ४०००० | ० | ४०००० |
| ५ | | समपुरक कोष पुँजीगत तर्फ | ० | ० | ० |
| ६ | | शर्शर्त अनुदान पुँजीगत (संघिय सरकार ) | ० | ३६९०० | ३६९०० |
| ७ | | शर्शर्त अनुदान चालु (संघिय सरकार ) | २३१७०० | ० | २३१७०० |
| ८ | | विशेष अनुदान (संघिय सरकार ) | ० | ० | ० |
| ९ | | विशेष अनुदान (प्रदेश सरकार ) | ० | ४५०० | ४५०० |
| १० | | समपुरक अनुदान( सङ्घीय सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | ० | १५००० | १५००० |
| ११ | | दमकल र ट्याक्टर | ० | ७००० | ७००० |
| १२ | | समपुरक अनुदान(प्रदेश सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | ० | १९००० | १९००० |
| १३ | | नगर गौरव योजना | ० | १०००० | १०००० |
| १४ | | दिगो विकास लक्ष्य कार्यान्वयन | ० | २३६० | २३६० |
| १५ | | दायित्व भुक्तानी बाँकी | ० | २०००० | २०००० |
| १६ | | क्रमागत योजनाको अल्या रकम | ० | १३९५० | १३९५० |
| १७ | | नगर अस्पताल जनशक्ति व्यवस्थापन, सामाग्री खरिद र पूर्वाधार निर्माण | ० | १०००० | १०००० |
| | | **जम्मा बजेट रु.** | ४६१७०० | २४६७१० | ७०८४१० |

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत